# नेपाल पत्रकार महासंघ

## जिल्ला शाखा, बाँके


**पत्र संख्या नं. :**
**चलानी नं.:**

मितिः २०८३-०१-१६ गते


अध्यक्ष
नवीन गिरी

उपाध्यक्ष
तिलक गाउँले
रेजिना मल्ल
करुणा शाह

सचिव
कृष्ण ओली

सह-सचिव
रविन्द्र सिंह ठकुरी
भगतराम थारु

कोषाध्यक्ष
सुनिल रेग्मी

सदस्यहरु
समिरमान श्रेष्ठ
कृष्णराज अधिकारी
धना विष्ट के.सी.
सावित्री विश्वकर्मा
रविन्द्र घिमिरे
शम्भुप्रसाद थारु
सजनकुमार आरसी
पहलबहादुर केसी
यदुराज मिश्र
रजनीकुमारी योगी
आशा परियार
निर्मला चौधरी
सलामत अलि शेष

सल्लाहकार
दामोदर भण्डारी
प्रदिप वाग्ले


# प्रेस विज्ञप्ती

हाले सार्वजनिक सरोकारसँग जोडिएका केही घटनाक्रमप्रति नेपाल पत्रकार महासंघ बाँके शाखाको गम्भीर ध्यानाकर्षण भएको छ । पत्रकारिता पेशा उच्च नैतिकता, जिम्मेवारी तथा आचारसंहितामा आधारित हुनुपर्नेमा महासंघ प्रष्ट छ । महासंघ सम्पूर्ण पत्रकारहरूलाई आचारसंहिताको पूर्ण पालना गर्दै मर्यादित, व्यवसायिक र जिम्मेवार ढंगले सञ्चारकर्म गर्न आग्रह गर्दछ ।

महासंघ स्पष्ट पार्दछ- पत्रकारिताको नाममा गरिने कुनै पनि प्रकारको अराजक गतिविधि हाम्रो मूल्य, मान्यता र धर्मभित्र पर्दैन । आचारसंहिता विपरीतका कार्यमा संलग्न हुने पत्रकारले त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी स्वयं वहन गर्नुपर्नेछ ।

भेरी अस्पतालसँग सम्बन्धित पछिल्लो घटनाप्रति महासंघ बाँके शाखाले गम्भीर चासो व्यक्त गर्दै उक्त घटनाको निष्पक्ष, पारदर्शी र विश्वसनीय छानबिन गर्न सम्बन्धित निकायसँग माग गर्दछ । साथै, घटनामा संलग्न दोषीहरूलाई कानुन बमोजिम कारबाही गर्न पनि जोडदार माग गर्दछ ।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणमा 'शून्य सहनशीलता' को नीति अवलम्बन गर्दै पत्रकारहरूको भौतिक तथा पेशागत सुरक्षाका पक्षमा सधैं दृढ रहने प्रतिबद्धता व्यक्त गर्दछ । तथापि, पत्रकारका नाममा गरिने अराजकता तथा आचारसंहिता विपरीतका गतिविधिप्रति महासंघको कुनै समर्थन वा पक्षपोषण रहने छैन ।

अन्त्यमा, सम्पूर्ण पत्रकारहरूलाई सत्य, निष्पक्षता र जिम्मेवारीका मूल्यमान्यतामा अडिग रहँदै गम्भीरतापूर्वक आफ्नो पेशागत दायित्व निर्वाह गर्न हार्दिक अपिल गर्दछौं ।

**धन्यवाद ।**

**कृष्ण ओली**
**सचिव**


**कार्यालयः नेपालगन्ज उपमहानगरपालिका-४, सञ्चारग्राम (बसपार्क) फोन नं.: ०८१-५२६५७७ E-mail**: fnjbankebranch@gmail.com